STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ३ गते आइतबार ❑ 18 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## मुलुकभरको जनजीवन सामान्यतर्फ उन्मुख, कोभिडको जोखिम भने कायमै

**रासस**
**काठमाडौं, २ साउन**

मुलुकभर गत वैशाख/जेठमा अत्याधिक रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमण विस्तारै कमजोर हुँदा जनजीवन सामान्यतर्फ उन्मुख भएको छ।

कतिपय जिल्लाले निषेधाज्ञा हटाइसकेका छन् भने आदेश लागू गरेका जिल्लामा पनि खुकुलो (लुज डाउन) गरिएको छ। काठमाडौँ उपत्यकामा असारदेखि खुकुलो बनाइएको निषेधाज्ञा साउनदेखि भने विशेष कामका लागि उपत्यका भित्रिने सवारी साधनलाई पास नचाहिने व्यवस्था गरेर थप सहजीकरण गरिएको छ।

जनजीवन सामान्यतर्फ उन्मुख भइरहँदा पछिल्ला तथ्याङ्कले कोभिड-१९ को जोखिम भने कायमै रहेको देखाएको छ । शुरुमा एक्कासिमाथि उठेर तल झरेको सङ्क्रमणको ग्राफ पुन उकालो लाग्न थालेकाले वर्तमान परिस्थितिमा नागरिकले पनि सावधानी अपनाउनुपर्ने र राज्यले पनि भिडभाड हुने क्षेत्रमा बढी निगरानी गर्नुपर्ने जनस्वास्थ्यविद् डा रविन्द्र पाण्डेको भनाइ छ । विगतमा मुलुकका खोटाङ र मनाङबाहेक ७५ जिल्लाका स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेर कोभिड न्यूनीकरण तथा नियन्त्रणमा सक्रिय भएको थियो।

गृहमन्त्रालयबाट प्राप्त विवरणअनुसार आजसम्म घटेर कूल ५८ जिल्लामा मात्रै निषेधाज्ञाको आदेश कायम छ । बाँकी १७ जिल्लाले निषेधाज्ञा हटाइसकेका छन् । क्रमशः निषेधाज्ञा हटाउने क्रम जारी छ। यद्यपि पछिल्लो समयमा भने सङ्क्रमणदर मन्द गतिमा बढेकाले जोखिम कायमै रहेको स्वास्थ्यविज्ञहरूको भनाइ छ । निषेधाज्ञा लागू भएका जिल्लाले समेत अति भिडभाड हुने गतिविधिबाहेकका क्रियाकलाप खुला गर्दै लगेका छन् । गृहमन्त्रालयका प्रवक्ता जनकराज दाहालले कोभिड नियन्त्रणमा आएर निषेधाज्ञा खुकुलो बनाएको नभइ, जनजीवन सामान्य बनाउनका लागि सावधानी अपनाएर खुकुलो बनाएकाले सावधानी जरुरी रहेको बताउनुभयो । समग्रमा आम मानिस सहभागी भएर गरिने सभासम्मेलन र चलचित्र हललगायत गतिविधि बाहेकका क्रियाकलाप खुला गर्न थालिएको छ । अन्तरजिल्ला बाहेकका यातायात पनि सञ्चालन हुन थालेको छ। काठमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले जनजीवनमा परेको असर कम गर्न विस्तारै सहजीकरण गर्दै लगिएको जानकारी दिनुभयो। विगतमा खोटाङ र मनाङ जिल्लाले स्वअनुशासनलाई जोड दिए झैँ निषेधाज्ञा हटाइएका र हटाउने तयारीमा रहेका जिल्लामा पनि स्वअनुशासन कायम गर्नुपर्नेमा प्रशासनिक अधिकारीको जोड छ । नेपालमा दोस्रो लहरको कोरोना सङ्क्रमण विसं २०७७ चैतको अन्तिम साताबाट शुरु भएको थियो।

गत वैशाखको पहिलो साता बाग्लुङको बलेवास्थित नारायणथानको एउटा विद्यालयमा ३९ विद्यार्थी र एक शिक्षकमा एक्कासि कोरोना सङ्क्रमण देखियो । उक्त जिल्लाले सङ्क्रमणको जालो तोडन विद्यालय र सोसँग जोडिएका परिवार बसोबास गर्ने क्षेत्र तोकेर गत वैशाख ७ गते औपचारिक रूपमा निषेधाज्ञाको आदेश जारी गर्ने पहिलो जिल्ला बन्न पुगेको थियो।

त्यसलगत्तै कालीकोटमा गत वैशाख ९ गते एक जनामा सङ्क्रमण देखियो । उनीसँग सम्पर्कमा रहेका व्यक्तिको परीक्षण गर्दा १० गते चारजना थप सङ्क्रमित भएपछि गत वैशाख ६ को मन्त्रिपरिषद्को निर्णय र सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को अधिकार प्रयोग गर्दै आंशिक निषेधाज्ञा जारी गरिएको थियो । सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्र तोकी निषेधाज्ञा वा अन्य आवश्यक आदेश जारी गर्न सक्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिएपछि गत वैशाख १३ गतेदेखि भने धमाधम निषेधाज्ञा जारी गर्ने क्रम ह्वात्तै बढेको थियो। कोरोना सङ्क्रमणबाट बाँकेको नेपालगञ्ज नराम्ररी प्रभावित भएपछि गत वैशाख १३ गते र सुर्खेतमा गत वैशाख १४ गते रातिदेखि निषेधाज्ञा लगाइएको थियो । त्यसपछि गत वैशाख १६ गतेदेखि काठमाडौँ उपत्यकाका तीन जिल्लालगायत विभिन्न जिल्लाले निषेधाज्ञा जारी गरे। त्यसपछि लगातार निषेधाज्ञा आदेश जारी भइरहेकामा जेठसम्म ७५ जिल्ला पुगेको थियो।

जेठ अन्तिमबाट विस्तारै सङ्क्रमण घटेपछि निषेधाज्ञा पनि खुकुलो पारियो । तर मानिसको चहलपहल र लापरवाही बढ्न थालेपछि अहिले मन्द गतिमा सङ्क्रमण बढ्न थालेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अभिलेखले देखाउँछ।

## जसपाको एउटा समूह सरकारमा सहभागी हुँदै

**रासस**
**काठमाडौं, २ साउन**

राष्ट्रिय जनता पार्टी नेपाल (जसपा) को उपेन्द्र यादव समूहको संसदीय दलको बैठकले वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा सहभागी हुने निर्णय गरेको छ।

जसपाको तत्काल कायम रहेको सांसद सङ्ख्याको बहुमत सांसद सहभागी संसदीय दलको बैठकले सरकारमा सहभागी हुने निर्णय गरेको हो । जसपाका कार्यकारिणी सदस्य एवम् सांसद मोहम्मद इस्तियाक राईले पार्टीको तत्काल कायम रहेको ३२ सांसदमध्ये १९ जनाको उपस्थितिमा सम्पन्न बैठकले सत्ता पक्षको बेञ्चमा बस्ने निर्णय गरेको जानकारी दिनुभयो । उहाँका अनुसार न्यूनतम साझा कार्यक्रमका आधारमा पार्टीका मुद्दालाई उठाएर सरकारमा सहभागी जनाउने बैठकले निर्णय गरेको छ। पुनर्स्थापित प्रतिनिधिसभाको बैठक आइतबार अपराह्न बस्दैछ।

जसपाको पार्टी आधिकारिताको विवाद निर्वाचन आयोगमा टुङ्गो लागेको छैन। आयोगले आइतबारदेखि पार्टीको विवादका सम्बन्धमा गठन गरेको इजलासबाट छलफल हुने र तीन दिनभित्र निर्णय आउने जनाइएको छ। जसपाको यादव समूहको आजको बैठकमा १७ सङ्घीय सांसद र तीनजना राष्ट्रियसभाका सदस्य गरी १९ सदस्य सहभागी भएको सांसद राईले बताउनुभयो।

जसपाको दुवै सदनका सांसदको सङ्ख्या ३५ छ। सङ्घीय सांसद ३२ र राष्ट्रियसभामा तीन सांसद हुनुहुन्छ। पार्टीका अर्का अध्यक्ष महन्त ठाकुरको पक्षका केही सांसद पनि यादव पक्षमा आउनुभएको जनाइएको छ। बैठकमा सरकारमा पार्टीको सहभागिता र सम्भावित मन्त्रालयबारे छलफल भएको छ । वैठकमा नेताहरुले सरकारमा जति दल सहभागी हुन्छन्, उनीहरुलाई समान हैसियतमा मन्त्रालय बाँडफाँट हुनुपर्ने धारणा राखेका छन् । संविधानअनुसार मन्त्रिपरिषदको आकार २५ सदस्यीय हुन्छ। जसअनुसार २१ जना मन्त्री र तीन राज्यमन्त्री रहेको मन्त्रिपरिषद बन्न सक्छ। सांसद राई भन्छन्, 'तीन दल (नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी) मात्र सरकारमा भए हामीले ७ वटा मन्त्रालय र एक राज्यमन्त्री पाउनुपर्छ।'

सरकारमा सहभागी हुँदा यादव पक्षले सरकारका न्यूनतम साझा कार्यक्रमका साथै संविधान संशोधन, नागरिकता विधेयक, कार्यकर्तामाथि लागेको मुद्दा, मुस्लिम, जनजातिको पर्वबिदालगायत विषय उठाउने भएको छ। पार्टीको कार्यकारिणी समितिको बैठक आगामी सोमबार बोलाइएको कार्यकारिणी समिति सदस्य राईले जानकारी दिनुभयो।

## नेता कुँवरको श्रद्धाञ्जली सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ साउन**

नेपाली काँग्रेसका नेता रामजी कुँवरको निधनले ट्रेड युनियन आन्दोलनले अभिभावक र पार्टीले असल नेता गुमाएको बताइएको छ।

नेपाली काँग्रेस कास्कीले नेता कुँवरको स्मृतिमा पोखरामा शनिवार आयोजना गरेको श्रद्धाञ्जली सभाका वक्ताहरुले नेता कुँवरलाई शालिन, असल र इमान्दार नेताका रुपमा स्मरण गरेको प्रवक्ता नवीन सिग्देलले बताउनुभयो । कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य अर्जुन नरसिंह केसीले स्वर्गीय कुँवरको स्मरणका लागि केही काम गर्न आवश्यक रहेको बताउनुभयो।

केन्द्रीय सदस्य गगन थापाले स्वं कुँवरको व्यवहार र सहयोगीभावप्रति सबैले गौरव गर्नुपर्ने उल्लेख गर्नुभयो । नेपाली काँग्रेसका नेता शुक्रराज शर्माले घर, परिवार र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पार्टीलाई ध्यान दिने नेताका रुपमा उहाँको स्मरण गर्नुभयो।

कार्यक्रममा नेपाली काँग्रेस नुवाकोटका सभापति जगदिश नरसिंह केसी, नेता केदार नरसिंह केसी, पूर्व मन्त्री यज्ञबहादुर थापा, नेता सोभियत बहादुर अधिकारी, कास्की काँग्रेसका उपसभापति आइ बहादुर गुरुङ, नेतृ सरस्वती गुरुङ, नेकपा एमाले कास्कीका अध्यक्ष कृष्ण थापा, नेपाल ट्रेड युनियन काँग्रेसका उपमहासचिव राजेश पालिखे, नेपाली काँग्रेस क्षेत्र नं ३ कास्कीका सभापति पोषनाथ शर्मा, पोखरा महानगर सभापति बजिरमान श्रेष्ठ, अन्नपूर्ण गाउँपालिका प्रमुख युवराज कुँवर, पोखरा ६ सभापति बलराम गिरी, नेपाल ट्रेड युनियन काँग्रेस गण्डकी प्रदेश सभापति मुरारी शर्मा, परिवारको तर्फबाट प्रशान्त कुँवर र दीपकवीर कुँवरले बोल्नुभएको थियो।

नेपाली काँग्रेस कास्कीका सभापति कृष्ण केसीको अध्यक्षतामा भएको कार्यक्रम सचिव देवेन्द्र रानाभाटले सञ्चालन गर्नुभएको थियो।

## पोखराका मेयर जिसीको सफल शल्यक्रिया, स्वास्थ्यमा सुधार

**पोखरापत्र संवाददाता**
**पोखरा, २ साउन**


पोखरा–महानगरपालिकाका मेयर मानबहादुर जिसीको शनिबार सफल शल्यक्रिया भएको छ।

मस्तिष्कघातका कारण शुक्रबार पोखरादेखि दिउँसो हेलिकोप्टर चार्टर गरी काठमाडौं लगिएको मेयर जिसीको काठमाडौं बाँसबारीस्थित न्युरो अस्पतालमा २ घण्टामै हेमीक्राइनेक्टमीको सफल शल्यकृया भएको मेयरका प्रेस संयोजक माधव बरालले बताए।

न्युरो सर्जनहरुको टिमले गरेको शल्यक्रिया सफल भएको भएसंगै मेयर जिसीको स्वास्थ्य अवस्था हाल सुधारात्मक रहेको बरालले जनाए।

मस्तिस्कघातले गर्दा बेहोस भएका मेयर जिसीको थप उपचारको लागि हेली एभरेष्ट हेलिकोप्टरको सहायताबाट काठमाडौं लगिएको हो । मेयर जिसी शुक्रबार करिब ४:०० स्वास्थ्यमा समस्या देखिए पछि पोखराको मेडि प्लसमा उपचार गर्न लगिए पनि त्यहाँबाट रिफर गरी मणिपाल शिक्षण अस्पतालमा लगेसंगै उनको थप उपचारको लागि काठमाण्डौं लगिएको हो।

महानगरपालिकाका प्रवक्ता धनबहादुर नेपाली, नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीलगायतका विभिन्न सङ्घसंस्थाले विज्ञप्तिमार्फत महानगर प्रमुख जिसीको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।



# पाल्पाली समाजद्वारा प्रमुख सचिव डा. रेग्मीको स्वागत

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

गण्डकी प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीले पाल्पाको विकासका ३ आधार पस्केका छन् । उनले शिक्षा, स्वास्थ्य र पर्यटन पाल्पाको विकासका आधार भएको बताए।

पाल्पाली समाज समाज पोखराले उनको स्वागतमा शनिबार समाजको कार्यालय नयाँबजारमा आयोजना गरेको कार्यक्रममा प्रमुख सचिव डा. रेग्मीले सो कुरा बताएका हुन् । पाल्पाका १० पालिकासँग आपसी समन्वय गर्दै पाल्पाली समाज पोखरा अघि बढ्नुपर्ने उनको सुझाव छ। उनले कर्मघर जहाँ भए



पनि जन्मघर भुल्न नहुने र आफ्नो पेसा व्यवसायमा इमानदारीपूर्वक लाग्नुपर्ने बताए।

यसै साता गण्डकीमा प्रमुख सचिवको रुपमा सरुवा भई आएका रेग्मीको मुलघर पाल्पाको तानसेन, बर्तुङ हो। पोखरामा उनी २०६९ सालमा पनि पश्चिमाञ्चल क्षेत्रीय प्रशासक भइ आएका थिए । अधिकृतबाट सरकारी सेवामा प्रवेश गरेका उनलाई मन्त्रिपरिषद्को असार १७ को बैठकले बढुवा गरेको थियो।

यसअघि उनी स्वास्थ्य मन्त्रालयका सहसचिव थिए । पाल्पाली समाज पोखराका अध्यक्ष रेशम रचक थापाको अध्यक्षतामा भएको कार्यक्रममा डा. रेग्मीलाई पाल्पाली ढाकाटोपी, खादा, माला, अबिरले स्वागत गरिएको थियो । कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष बालचन्द्र परियार र संचालन महासचिव केशव नेपालले गरेका थिए। पाल्पाली बहुउद्देश्यीय सहकारी संस्था अध्यक्ष चिरञ्जीवी श्रेष्ठ, पाल्पा हाउसका अध्यक्ष कुलप्रसाद घिमिरे, समाजका सल्लाहकार, कार्यसमिति पदाधिकारी, सदस्य लगायतको उपस्थिति रहेको सो कार्यक्रमबीच समाजका अध्यक्ष रेशम थापाले समाजको २२ बुँदे वार्षिक प्रस्तावित कार्यक्रम सार्वजनिक गरे।

# महाकाब्यकार त्रिपाठीको जन्मउत्सव

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

हेमजा साहित्य प्रतिष्ठान नेपालका सस्थापक अध्यक्ष जनार्दनशरण त्रिपाठीको एक कार्यक्रमका बिच ७९ औ जन्म उत्सब शनिबार हेमजामा मानाइएको छ।

कार्यक्रममा सस्थापक सचिब कोबिदशरण उपाभ्यायले त्रिपाठीलाई जन्म दिनको शुभकामना दिदै प्रतिष्ठान नेपालको इतिहासको बारेमा उल्लेख गरेका थिए । कार्यक्रममा सल्लाहाकार केसबशरण पौडेल, सल्लाहाकार बसन्त बाँस्तोला, शिक्षसेवी भुबनेश्वर शर्मा, समाजसेवी तथा सञ्चारकर्मी भिमप्रसाद श्रेष्ठले



जन्म दिनको शुभकामना ब्यक्त गरेका थिए । कार्यक्रममा सिब त्रिपाठीले जनार्दनशरण त्रिपाठीद्वारा रचित कबिता बाचन गरेका थिए। प्रतिष्ठान नेपलका अध्यक्ष छन्दमणी त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा स्वगत निवर्तमान अध्यक्ष कृष्णप्रसाद पौडेल र सञ्चालन सचिब सुनिल गायकले गरेका थिए।

# खहरे आमा समुहद्वारा प्रकाशित स्मारिका बिमोचन

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

पोखरा महानगरपालिका वडा नं ६ खहरेमा २०७० सालमा स्थापना भएको खहरे आमा समुहद्वारा प्रकाशित स्मारिका खहरे दर्पण शनिबार एक कार्यक्रम गरि बिमोचन गरिएको छ।

खहरे दर्पणको बिमोचन गर्दै गण्डकी प्रदेशका सांसद राजिव पहारीले खहरे आमा समूहले निकै उत्कृष्ट सामाजिक काम गर्दै आएको बताउँदै संस्थाको बहुउद्देश्यीय भवनको स्तर वृद्धि गर्न संसद बिकास कोष र नगरपालिकाबाट रकम जुटाउन पहल गर्ने बताए । पोखरा ६ का वडा अध्यक्ष जगत बहादुर पहारीले आफ्नो संस्थाले गरेका गतिविधि संकलन गरेर पुस्तक प्रकाशिय गर्दा अन्य समुह र आफ्नै पुस्ता लाई पनि प्रेरणा मिल्ने बताउनु भएको थियो।

राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपालका अध्यक्ष बिष्णुहरि अधिकारी, तेज नारायण पराजुलीले आमा समुहले स्थापना



देखि नै अत्यन्तै उत्कृष्ट कार्य गर्दै आएको र ती काम हरुलाई पुस्तकको रुप दिनु अत्यन्तै अनुकरणीय काम भएको बताए। खहरे दर्पणका प्रधान सम्पादक लक्ष्मण थापाले पुस्तक प्रकाशनका चुनौतीहरु र पुस्तकले भाबी सन्ततिलाई प्रेरणाको श्रोत हुनुका साथै पठन संस्कृतिको बिकास हुने साथै स्मारिकाले अन्य समुह हरुले पनि अनुकरण गर्ने बताउनु भयो। समूह स्थापना देखि हालसम्म समूहले गरेका सामाजिक गतिविधि समेटेर उक्त खहरे दर्पण प्रकाशित गरिएको हो । समुहकि संस्थापक सहसचिव रमा लामिछानेले स्वर्गीय आमा पबित्रा लामिछानेको १६ औं दिनको पुण्य तिथिमा तामाको गाग्री र अंखोरा संस्थालाई प्रदान गर्नु भएको थियो । समुहकी अध्यक्ष मैयाँ भट्टराई थापाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचीव भागिरथी थापा र स्वागत उपाध्यक्ष सावित्री तिमिल्सिनाले गर्नु भएको थियो।

# भैँसी पाल्ने किसानलाई रु १८ लाख अनुदान

पोखरापत्र संवाददाता
बागलुङ, २ साउन

बागलुङको जैमिनी नगरपालिकाले दुहुना भैँसी पाल्ने किसानलाई रु १७ लाख सात हजार तथा राँगोपालक किसानलाई रु एक लाख ३० हजार गरी कूल रु १८ लाख ३७ हजार अनुदान वितरण गरेको छ।

जैमिनी नगरपालिका-१० का दुहुना भैँसी पाल्ने ५० किसानलाई जनही रु ३४ हजार १४० का दरले रु १७ लाख सात हजार तथा राँगोपालक दुई किसानलाई जनही रु ६५ हजारका दरले कूल रु एक लाख ३० हजार अनुदान वितरण गरेको नगरपालिका पशु शाखाका प्रमुख कृष्णप्रसाद ढकालले जानकारी दिनुभयो। किसानलाई व्यावसायिक बनाउन र कृषि पेशातर्फ आकर्षित गर्नका लागि उक्त कार्यक्रम सञ्चालन गरिएको नगरपालिलकाले जनाएको छ । "किसानलाई व्यावसायिक बनाउने हाम्रो अभियान हो, अनुदानले उत्पादन वृद्धिमा सहयोग गर्छ", प्रमुख ढकालले भन्नुभयो, "कामका आधारमा अनुदान पाएका किसान उत्साहित हुनुहुन्छ।" नगरपालिकाले तोकिएको मापदण्डभित्र रहेर किसानलाई कृषि र पशुपालनमा अनुदान दिएको हो । किसानलाई प्रोत्साहित गर्न पशुपालनका लागि आवेदन माग गरेर सकारात्मक कार्यको थालनी गरेको भन्दै किसान खुशी भएका छन्। अनुदानका कार्यक्रम सञ्चालन गरेपछि नगरभित्र व्यावसायिक कृषि पेशातर्फ किसान आकर्षित भएका छन्।

# रोटरी क्लब अफ पोखरा न्यूरोडको पदस्थापन

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

रोटरी क्लब अफ पोखरा न्यूरोडको १२औं पदस्थापन समारोह सम्पन्न भएको छ।

सुक्रवार एक समारोहका विच बर्ष २०२१/०२२ का क्लब अध्यक्ष एवं पदाधिकारीलाई पदस्थापन गराईएको क्लबका पूर्व अध्यक्ष एवं कार्यक्रमका संयोजक दिनेशचन्द्र बास्तोलाले जानकारी दिनु भयो । उहाँका अनुसार पदस्थापन अधिकृत एवं रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ नेपाल-भुटानका डिष्ट्रिक्ट गभर्नर ईलेक्ट जितेन्द्र बहादुर राजभण्डारीले क्लब अध्यक्ष एवं पदाधिकारीलाई पदस्थापित गराउनु भएको थियो ।पदस्थापन कार्यक्रममा निवर्तमान अध्यक्ष पशुपति शर्माले बर्ष २०२१/०२२ अध्यक्ष सुवर्ण कोईरालालाई रोटरी ग्राभेल तथा ह्याम्मर हस्तान्तरण गर्दै पदस्थापन गराईएको थियो। शर्माले आफ्नो कार्यकालमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै अध्यक्ष सहितको नयाँ टिमलाई सफल कार्यकालको कामना सहित निरन्तर सहयोग रहने प्रतिबद्धता पनि ब्यक्त गर्नु भएको थियो।

सो अवसरमा क्लबको प्रोजेक्टपार्टनरको रूपमा रहेको बाबा फाउण्डेशन नेपाललाई सम्मान गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ नेपाल-भुटानका डिष्ट्रिक्ट गभर्नर ईलेक्ट जितेन्द्र बहादुर राजभण्डारीले फाउण्डेशनका सचिव टंकराज अधिकारीलाई सम्मान-पत्र प्रदान गरी सम्मान गर्नुभएको थियो । पदस्थापनसँगै




अध्यक्ष कोईरालालाई पदस्थापन अधिकृत एवं डिष्ट्रिक्ट गभर्नर ईलेक्ट राजभण्डारीले शपथ गराउनु भएको थियो भने अन्य पदाधिकारीहरुलाई अध्यक्ष कोईरालाले नै शपथ गराउनु भयो । शपथ ग्रहणपछि अध्यक्ष कोईरालाले आफूलाई थप जिम्मेवारी महसुस भएको बताउदै क्लबले गरेका कार्यलाई निरन्तरता दिँदै कोभिड-१९ ले निम्ताएको संकटलाई चूनौतीका रुपमा सामना गर्दै चुनौतीका बिचबाट अवसरको पहिचान गरी क्लबमा एउटा ईटा भए पनि थप गर्ने प्रतिबद्दता ब्यक्त गर्नु भयो । उहाँले क्लबको इतिहास, अग्रजले सिकाएको पाठ र अगाडिका योजनाहरुलाई आत्मसाथ गर्दै क्लबको प्रतिष्ठासँगै सामाजिक क्षेत्रमा क्रियाशिल हुँदै यस कार्यकाललाई स्वर्णिम कार्यकाल बनाउने प्रयासमा रहने बताउनु भयो। प्रमुख अतिथि गभर्नर ईलेक्ट राजभण्डारीले नेपालमा रोटरीको आवश्यकता र महत्व बढ्दै गएको बताउँदै थप जिम्मेवार भएर अघि बढ्न सुझाव दिनु भयो । उहाँले रोटरीयन सधैं समाजका सारथी हुन्, अहिले विश्वमा देखिएको संकटले रोटरीलाई थप जिम्मेवार बनाएको छ । सामाजिक क्रियाकलापलाई तिव्रता दिनका लागि रोटरीयनहरू सक्रिय भएर लाग्न आह्वान गर्नु भयो। विशिष्ठ अतिथि निवर्तमान डिष्ट्रिक्ट गभर्नर किरणलाल श्रेष्ठले पदस्थापित अध्यक्षलाई बधाई दिदै सफल कार्यकालको लागि शुभकामना प्रदान गर्नुभयो। उहाँले रोटरी क्लबले गरेको सामाजिक कामको प्रशंसा गर्दै सामाजिक सेवामा लाग्न सबैलाई आग्रह समेत गर्नुभयो । रोटरी क्लब अफ पोखरा न्यूरोडले समाजमा पुर्याएको योग्दानको प्रसंसा गर्दै सामाजिक क्षेत्रमा हुने गतिविधिमा सदैव साथ, सहयोग रहने बताउनु भयो । पदस्थापन समारोहमा डिष्ट्रिक्ट गभर्नर नोमिनी राजेन्द्र प्रसाद ध्वजु, क्लबका संस्थापक अध्यक्ष रविराज बराल लगाएतले आफ्ना भनाइहरु राख्दै अध्यक्ष लगाएत पदाधिकारीलाई सफल कार्यकालको शुभेच्छा राख्नु भएको थियो।

अध्यक्ष सुवर्णप्रसाद कोईरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लबका प्रेसिडेन्ट ईलेक्ट गिता सिग्देल, प्रेसिडेन्ट नोमिनी रामबिक्रम अधिकारी, भाईस प्रेसिडेन्ट दीपेन्द्र शर्मा, सचिव अमृतप्रसाद बास्तोला लगाएतले क्लबका गतिबिधी बारे प्रकाश पार्नु भएको थियो।

# देशका केही स्थानमा भारी वर्षाको सम्भावना

रासस
काठमाडौं, २ साउन

मनसुनी वायुको प्रभावले शनिबार देशभर सामान्यदेखि पूर्ण बदली रही धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षा हुने भएको छ।

मनसुनी न्यून चापीय रेखा नेपालको तराई भूभाग नजिक रहेकाले सुदूरपश्चिम, कर्णाली तथा लुम्बिनी प्रदेशका केही स्थानमा बाँकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ।

मौसमविद् गङ्गा नगरकोटीले आगामी सोमबारसम्म देशभर सामान्यदेखि पूर्ण बदली रही धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जानकारी दिनुभयो । देशको पहाडी भूभागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहनका साथै ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुनसक्ने भएकाले जल तथा मौसम विज्ञान विभागले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ।

हाल देशभर सामान्य बदली रही प्रदेश नं १, २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका एक/दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। हाल देशभर सामान्यदेखि पूर्ण बदली रही गण्डकी प्रदेशका धेरै स्थानका साथै प्रदेश नं १, २, बागमती प्रदेश तथा लुम्बिनी प्रदेशका थेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

आइतबार देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम तथा सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ।

# उत्तरी गोरखामा हेलिकप्टरमार्फत पुर्‍याइयो खोप

पोखरापत्र संवाददाता
गोखरा, २ साउन

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकामा हेलिकप्टरमार्फत कोरोनाविरुद्धको खोप पुर्‍याएको छ। मौसम खराबीका कारण यसअघि नै पुर्‍याउने भनिएको खोप आज मात्र चुमनुब्रीका विभिन्न खोप केन्द्रमा पुर्‍याइएको स्वास्थ्य कार्यालय गोरखाका खोप शाखाका प्रमुख ऋषिराम खत्रीले जानकारी दिनुभयो।

जेठको अन्तिम सातादेखि परेको अविरल वर्षाका कारण उत्तरी गोरखाको चमनुब्रीका सडक, पैदल र खच्चड हिड्ने बाटो अवरुद्ध भएकाले हेलिकप्टरमार्फत खोप ढुवानी गरिएको उहाँले बताउनुभयो।


"सडक मार्गबाट खोप लैजान सक्ने अवस्था नरहेकाले हेलिकप्टरमार्फत खोप पुर्‍याएको हो", शाखा प्रमुख खत्रीले भन्नुभयो, "शुक्रबार नै लैजाने भनिए पनि मौसम खराबीका कारण आज मात्र खोप ढुवानी गरिएको छ ।" भेरोसिल खोपको तीन हजार डोज माउन्टेन चाइल्ड नामक अन्तराष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा हेलिकप्टर चार्टर गरेर चुमनुब्री पुर्‍याएको प्रमुख खत्रीले बताउनुभयो । चुमन्रवी पुर्‍याइएको खोप गाउँपालिका भित्रका १८ वर्षदेखि माथिका उमेर समूहका सबैलाई लगाइने उहाँको भनाइ छ । सो क्षेत्रमा तीन हजार ७०८ नागरिक बस्दै आएका छन्।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# एमाले जोगाउने कि देउवा टिकाउने ?

नेपाल कम्युनिस्ट पार्टी एमालेमा पार्टी एकता जोगाउन दोस्रो तहका नेता सक्रिय छन । एकताको लागि दोस्रो तहका नेताहरुको छलफल जारी छ । शनिबार बिहान सिंहदरबारमा विघटित एकता कार्यदल दल सदस्य र नेताहरु बीच १० बुँदे सहमति कार्यान्वयन गरेर एकता जोगाउन शिर्ष नेतृत्वलाई दबाब बढाएका छन । एमाले स्थायी समितिले कार्यदलले गरेको १० बुँदे सहमति अनुमोदन गरेको छ । एकताका लागि भएको सहमतिको पक्षमा निर्णय भएको संस्थापनको दाबी छ । प्रस्तावलाई सिर्जनात्मक र रचनात्मक ढंगले कार्यान्वयन गर्ने निर्णय पनि बैठकले गरेको छ । कार्यदलले आफ्नो जिम्मेवारी पूरा गरेकामा बैठकले धन्यवाद दिँदै कार्यदल विघटन गर्ने निर्णय गरेको छा१० बुँदे सहमति संस्थापन पक्षले स्वीकार्दै कार्यान्वयन गर्ने निर्णय गर्दा अर्को पक्ष बरिस्ठ नेता माधवकुमार नेपालले स्वीकार गरेका छैनन् । अझ नेपाल पक्षका सांसदहरूको प्रतिक्रिया सकारात्मक छैन । माधवकुमार नेपाल लगायतका उनी पक्षका सांसदहरू अदालतको परमादेशले बनेको काङ्ग्रेस सभापति शेर बहादुर देउवा नेतृत्वको सरकार जोगाउन जोड दिइरहेका छन । एमालेले सरकारलाई समर्थन नगर्ने र विश्वासको मत नदिने निर्णय गरिसकेको छाएमालेको एकता भन्दा काङ्ग्रेस सभापति देउवाको सरकार टिकाने प्राथमिकतामा पार्नेको बिचार हाबी हुन थालेको समुहका नेताहरूको दोहोरो चाल होइन भन्ने स्पष्ट हुनुपर्छ ।

एमाले एकताका लागि भन्दै जेठ २ मा दुवै पक्षका पाँच/पाँच जनाको कार्यदल गठन गरिएको थियो । कार्यदलमा संस्थापनतर्फ स्थायी समिति सदस्य सुवास नेम्बाङको नेतृत्वमा उपमहासचिव विष्णुप्रसाद पौडेल, सचिव प्रदीप ज्ञवाली, स्थायी समिति सदस्य शंकर पोखरेल र विष्णु रिमाल थिए । नेपाल पक्षबाट उपाध्यक्ष भीम रावलको नेतृत्वमा उपमहासचिव घनश्याम भुसाल, सचिव गोकर्ण विष्ट, स्थायी समिति सदस्य सुरेन्द्र पाण्डे र रघुजी पन्त थिए । नयाँ पार्टी निर्माण गर्दै थुप्रै वर्ष नेकपा एमालेमा गरेको संघर्षलाई तिलाञ्जली दिन नहुने भन्दै पछिल्लोपटक नेपालका विश्वासपात्र योगेश भट्टराई विभाजनसम्म पुग्न नहुने भन्दै पछिल्ला नेपाल पक्षका विपक्षी दलसँगको सहकार्य तथा कसरतबाट टाढिएका छन् र एकताका पक्षमा दौडधुप गरिरहेका छन् । सोही पंक्तिमा पाण्डे, भुसाल, विष्टहरू उभिएपछि तत्काल नयाँ पार्टी गठन गरी अघि बढ्ने नेपाल पक्षका अधिकांशको चाहना रोकिएको छा तर आफूले लिएको अडानमा ओली टसमस नहुने भन्दै नेपाल नयाँ पार्टी निर्माण नै अन्तिम विन्दु हुने निष्कर्षमा पुगिसकेका छन् ।

विगतदेखिको नजिर र नेतृत्वबीच उत्पन्न संकटले पार्टी जीवनलाई अर्को मोडतर्फ लैजाने संकेत देखा पर्दा दोस्रो तहका नेताहरू जुर्मुराउने गरेका छन् । उनीहरूले देखाएको सकृयता र खेलेको भूमिकाले नेतृत्वलाई कहीँ न कहीँ टसमस गराएको भने प्रष्ट देखिएको छ । तर निर्णयक समयमा उनीहरूको मौनता र गर्नुपर्ने पहलकदमीमा थप एककदम पछाडि हट्नुपर्ने वा मौनतामा नेतृत्वको कदमलाई होस्टेमा हैंसे गर्नुपर्ने जो व्यवहारत देखिएको छ यो विगत देखिकै एउटा नजिरको रूपमा स्थापित हुँदै आएको देखिन्छ । नेपाल पक्षको २३ मतको बलमा देउवा सर्वोच्च अदालतको परमादेशले प्रधानमन्त्री बनेपछि ओली नेपालसँग रुष्ट छन् । प्रधानमन्त्रीबाट हटेर आफ्नो निवास बाल्कोटमा सरेलगत्तै अध्यक्ष ओलीले नेपाललाई पार्टीमा स्थान नरहेको धारणा सार्वजनिक गरेपछि पार्टी विवाद झन् पेचिलो बनेको हो। शुक्रबार एमालेले कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारलाई विश्वासको मत नदिने निर्णय गरेको छ । अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार बसेको स्थायी समिति बैठकले प्रतिपक्षमा बस्ने निर्णय गरेको हो । संस्थापन पक्षको यो निर्णयले वरिष्ठ नेता माधवकुमार नेपाल पक्ष भने अप्ठ्यारोमा परेको छ ।

पार्टी एकता प्रक्रिया सुरु भएको भन्दै नेपाल पक्षधर कार्यदलका सदस्यहरू बैठक रोक्न माग गर्दै शुक्रबार बैठकस्थल तुल्सीलाल स्मृति प्रतिष्ठान पुगेका थिए । तर, अध्यक्ष ओलीले बैठक नरोकेर पार्टी प्रतिपक्षमा बस्ने लगायतका निर्णय गराएका थिए । प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दामा गरिएको सर्वोच्चको फैसलाले संविधानको आधारभूत मान्यतालाई नै अतिक्रमण गर्दै कमजोर तुल्याएको एमालेको ठहर छ । नेपाल पक्षका सांसदहरू देउवालाई विश्वासको मत दिने, सरकारमा सहभागी हुने बिचार राख्दै आएका छन । अध्यक्ष ओलीले संसदीय दलको नेता र पार्टी अध्यक्ष पद छाडेर मात्र एकता हुन सक्ने भन्दै आएको अवस्थामा दोस्रो तहका नेताहरूले आफ्नै समुहका अरु नेता, कार्यकर्ताको विश्वास जित्न सकेका छैनन् । आफ्नो समुहको विश्वास जितेर सहमति कार्यान्वयनका लागि हस्तक्षेपकारी भुमिका खेल्न नसके दोस्रो तहका नेताहरको पहल सार्वजनिक खपतका लागि मात्र हुनेछ । कार्यकर्ता र समर्थकको सहानुभूति बटुल्ने काम पार्टी एकताबद्ध हुँदा मात्र संभव छापार्टी एकताका लागि आलटाल गर्ने नेतृत्वका विरुद्ध हस्तक्षेपकारी भुमिका आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# लायन्स क्लव लेखनाथ गार्डेनसिटीद्धारा फर्निचर सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २ साउन



लायन्स क्लब अफ लेखनाथ गार्डेनसिटीले शनिबार पोखरा महानगरपालिका वडा नं ३२ मा रहेको राधाकृष्ण बृद्धाश्रममा फर्निचर सहयोग गरेको छ । क्लवको बार्षिक कार्यक्रम अर्न्तगत आश्रमका जेष्ठ नागरिकका लागि दुईथान टेबल र आठ वटा कुर्चि सहयोग गरेको हो ।

फर्निचर हस्तान्तर कार्यक्रममा बोल्दै, लायन्स क्लव अफ इन्टरनेशनल ३२५ वि १ अर्न्तगत लायन्स लिडरसिप एकेडेमीका प्रमुख सुचित्रा थापाले फर्निचर सहयोगले जेष्ठ नागरिकलाई सहज हुने बताईन । उनले लायन्सक्लवहरुले आश्रमको आवश्यकताको आधारमा बार्षिक तालिका बनाएर सहयोग गर्न सके अझ बढी प्रभावकारी हुने उल्लेख गरिन । विभिन्न परिस्थितिका कारण घरपरिवारसँग टाढा रहेका जेष्ठ नागरिक संस्कार र संस्कृतिका खानी भएको उल्लेख गर्दै, उनिहरुसँग भएका ज्ञानलाई पछिल्लो पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा जोड दिईन ।

कार्यक्रममा डिर्पाटमेन्ट को-चिफ भक्तबहादुर के.सी ले जेष्ठ नागरिक सिकाई र अध्ययनको केन्द्र भएकाले समाजको उपेक्षामा पर्न नहुनेमा जोड दिए । उनले लेखनाथ गार्डेनसिटीले स्थापनाकाल देखी आश्रममा सहयोग गर्दै आएको बताए । क्लवका अध्यक्ष राजनकल्याण बड्गामीको अध्यक्षतमा भएको कार्यक्रममा सिनियर एओजी एवं क्लवका पूर्व अध्यक्ष नवराज सापकोटा, क्लष्टर प्रमुख मधुसुधन कोइराला, जोन चियरपर्सन हरिप्रसाद बस्ताकोटी, आश्रमका अध्यक्ष प्रेमकुमार लिगल, क्लवका प्रथम उपाध्यक्ष इञ्जिनियर रबिचन्द्र घिमिरे र सचिब विश्वमणि अधिकारी लगायतले बोलेका थिए । फर्निचर हस्तान्तरण पछि क्लवले आश्रम परिश्रममा वितगका बर्षहरुमा लगाएका विभिन्न जातका फलफुलका विरुवाहरुको गाडेमेल तथा बृक्षरोपण समेत गरेको थियो । सोही कार्यक्रममा क्लवका अध्यक्ष राजन कल्याण बड्गामीले जन्मदिनको अवसर पारेर राधाकृष्ण संस्कृत गुरुकुलका बटुकलाई स्टेशनरी हस्तान्तरण गरेका थिए ।

# वालिङ नगर उपप्रमुख तिवारीलाई पितृशोक

पोखरापत्र संवाददाता
स्याङ्जा, २ साउन

वालिङ नगर उपप्रमुख कल्पना तिवारीलाई पितृशोक परेको छ । तिवारीका पिता भीमलाल तिवारीको शुक्रवार ७१ वर्षको उमेरमा वालिङमा निधन भएको हो ।

यसअघि कुनैपनि किसिमको स्वास्थ्य समस्या नभएता पनि पिताको शुक्रवार बिहान हृदयघातका कारण निधन भएको परिवारिक भनाई छ । स्वर्गीय तिवारीका वालिङ नगर उपप्रमुख एवं नेपाल महिला संघ जिल्ला अध्यक्ष कल्पना तिवारीसहित दुई छोरी र तीन छोरा छन् । स्वर्गीय तिवारीको शवलाई शुक्रवार नै रामनदीधाम राम्दीमा अन्त्येष्टि गरिएको छ । यसैबीच वालिङ नगर उपप्रमुख कल्पना तिवारीका पिता भीमलाल तिवारीको निधनप्रति वालिङ नगरपालिकाले दुःख ब्यक्त गरेको छ । नगर प्रमुख दिलीपप्रताप खाँणले एक शोक वक्तब्य जारी गर्दै तिवारीको निधनले एक असल अभिभावक गुमाएको उल्लेख गरेका छन् । तिवारीको निधनप्रति दुःख ब्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामनासहित शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी समवेदना प्रकट गरिएको उल्लेख छ ।

स्वर्गीय तिवारीको अन्तिम दाहासंस्कार गर्नु अघि नेपाली काँग्रेस स्याङ्जाले नेपाली काँग्रेसको चारतारे झण्डा ओढाएर शोक व्यक्त गरिएको थियो । उक्त शोकसभामा नेपाली काँग्रेस स्याङ्जाका कार्यबहाक सभापति बुद्धिबहादुर राना, नेपाली काँग्रेसका महासमिति सदस्य भोजराज अर्याल, गण्डकी प्रदेश सांसद भागवतप्रकाश मल्ल, वालिङ नगर प्रमुख दिलिपप्रताप खाँया लगायते चारतारे झण्डा ओढाएर तिवारीको अन्तिम विदाई गरेका थिए । तिवारीको निधनले असल र निष्ठावान एक अभिभावक गुमाएको नेपाली काँग्रेसले जनाएको छ ।

निधनप्रति दुःख प्रकट गर्दै नेपाली काँग्रेस स्याङ्जासहित वालिङ उद्योग वाणिज्य संघले शोकसभाको आयोजना गरेका थिए । झण्डै दुई बर्ष अगाडी उपप्रमुख तिवारीलाई मातृशोक परेको थियो ।

# कर्मफ्लाईटस्द्धारा कोरोना प्रभावित १२६ परिवारलाई खाद्यान्न राहत वितरण

पोखरापत्र संवाददाता
पोखरा, २ साउन




कोरोना भाइरसको दोश्रो लहर चलिरहेको र लकडाउन केहि खुकुलो भएको अवस्थामा पनि सर्वसाधारण जनताको दैनिक हातमुख जोर्ने समस्या ज्यूँताल्यू छ। पर्यटकिय तथा दैनिक ज्यालादारीमा काम गरि जिविकोपार्जन गर्ने र भाडामा बस्ने मजदुरहरुको चुल्हो ननिभोस् भनेर पोखरा ६ बंगलादी अवस्थित कर्मफ्लाईटस् संस्थाले विभिन्न चरणमा खाद्यान्न राहत वितरण गदै आईरहेको छ । यसै क्रममा चेक गणतन्त्र स्थित नमस्ते नेपाल संस्थाको आर्थिक साझेदारीमा पाँचौ पटक पोखरा ६ र २८ मा बसोवास गर्ने निम्न बर्गिय, बेरोजगार मृगौला बिरामी, वृद्ध ,वृद्धा, एकल महिला पुरुष लगायत १०० परिवारलाई प्रति परिवार रु १,२५०/- बरावरको राहत वितरण गरिएको छ ।

राहत सामाग्रीमा १२ ज्ररद्द किलो चामल १/१ केजी बरावर रातो दाल, चना/नून आधा लिटर खानेतेल र १/१ पोका सोयाविन र साबुन प्रदान गरिएको राहत वितरण कार्यक्रममा संयोजक प्रेम व. कुँवरले बताए । राहत वितरण कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै पोमनपा वडा नं ६ का वरिष्ठ वडा सदस्य हरि प्रसाद पहारीले श्रावण संग्रान्तिको पूर्व सन्ध्यामा मध्य वर्षाको समयमा संस्थाले ठूलो संख्यामा अत्यवाश्यक परिवारको पहिचान गरि वडाको संयोजनमा राहत वितरण गरेकोमा वडाको तर्फबाट धन्यवाद प्रदान गर्नुभयो । श्रीमान मृगौला पिडित भएको सलिना परियारले ले लकडाउन त्यसमा पनि थप श्रीमान् को उपचारमा खर्च जुटाउन कठिन परिस्थिबाट गुज्रिएको अवस्थामा राहतले आफूलाई ठूलो गुन लगाएको बताइन् । त्यसै गरि बाग्लुङ जिल्लाको निसीखोला गा.पा २ अर्नाकोट देउरालीका अति विपन्न एकल महिला , विरामी र अपाङ्ग २६ परिवारलाई पनि राहत खाद्यान्न सामाग्री वितरण गरिएको बताइएको छ । अर्नाकोट कृषि सहकारी संस्था लि. निसीखोला २ को व्यवस्थापनमा वितरण गरिएको सो विवरणमा प्रति परिवार ३० केजी चामल समान १/१ किलो चना र नून १ लिटर तेलगरि रु ५० हजार बरावरको खाद्यान्न सामाग्री बुर्तिवाङबाट बाढ पहिरोको बापजुत पनि ढुवानी गरि वितरण गरिएको सहकारी संस्थाका अध्यक्ष चेत ब. कुँवरले जानकारी दिए । निम्न वर्गिय एकल महिला, पुरुषहरुलाई खाद्यान्न अभाव अनिकाल परेकोले संस्थासँग राहतको लागि सहकारीले पहल गरेको कुँवरले बताए ।

यस्तै गोरखा जिल्ला गोरखा नगरपालिका स्थित श्री बाल मन्दिर मा.वि मा आवसिय रुपमा बस्ने २४ जना अनाथ बालवालिकाको लागि सहयोगार्थ रु १२,५००/- बरावरको खाद्यान्न सामाग्री उपलब्ध गराउन श्रावण ४ गते यसतर्फ जानलागेको संस्थाका फिल्ड कोअडिनेटर राजु परियारले बताए । स्मरणिय छ, बाल मन्दिर मा.वि मा गोरखाका ४-५ पालिकाका अनाथ बालवालिकालाई आरक्षण प्रदान गरि आवसिय सेवा तथा निशुल्क शिक्षा प्रदान गदै, आइरहेको गोरखाबाट समाजसेवी शिक्षिका सलिना गुरुङले जानकारी दिइन । खाद्यान्न आपूर्तिको स्थायी श्रोत नभएको अवस्थामा यस राहतले छोटो समयलाई भएपनि राहत मिल्ने विद्यालयका प्र.अ शिव ब. थापाले जानकारी दिए ।

# अवरुद्ध मध्यपहाडी लोकमार्ग सञ्चालन

पोखरापत्र संवाददाता
पर्वत, २ साउन

पहिराका कारण शुक्रबार रातिदेखि अवरुद्ध भएको मध्यपहाडी लोकमार्गको पर्वत खण्ड सञ्चालनमा आएको छ । कुश्मा नगरपालिका-१ पाङको सहस्रधारामा वर्षासँगै सडकमाथिबाट आएको पहिराका कारण सडक अवरुद्ध भएको थियो । वर्षा रोकिएसँगै पहिरो पन्छाइएपछि सवारीसाधन सञ्चालनमा आएको जिल्ला ट्राफिक प्रहरी प्रमुख कृष्णबहादुर खड्काले जानकारी दिनुभयो । अहिले रोकिएका सवारी गन्तव्यतर्फ लागेका छन् ।

लगातारको वर्षाका कारण राति नै पहिरो आएर सडक पुरिएको थियो । वर्षा रोकिएपछि बिहान सबेरैबाट एस्काभेटर लगाएर पहिरो पन्छाइएको खड्काले जानकारी दिनुभयो । यस वर्ष मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वत खण्डमा पहिराले बढी नै असर गरेको छ । सहस्रधारा नजिकै नयाँ पुलमा केही दिन अगाडि विशाल ढुङ्गासहित खसेको पहिरो पन्छाउन एक साता लागेको थियो । ब्रेकरले ढुङ्गा फुटाउन नसक्ने भएपछि नेपाली सेनाले विस्फोटक पदार्थ प्रयोग गरेर ढुङ्गा फुटाएको थियो ।

# लायन्स टुरिजम सिटीको पदस्थापन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २ साउन




लायन्स क्लब अफ पोखरा टुरिजम सिटीको पद हस्तान्तरण तथा पदस्थापन कार्यक्रम शनिबार सम्पन्न भएको छ । लायन बर्ष २०२०/२१ का अध्यक्ष निरज पन्तले लायन बर्ष २०२१/२२ का अध्यक्ष एकराज गिरीलाई एक कार्यक्रमका विच पद हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा अघिल्लो वर्षका अध्यक्ष पन्तले गत वर्ष क्लबबाट गरिएको सामाजिक कार्यमा भएको प्रगति तथा समिक्षा प्रस्तुत गरेका थिए । कार्यक्रममा बोल्दै क्लबका अध्यक्ष एकराज गिरीले कोभिडको संक्रमणका बेला सामाजिक क्लबहरुको दायित्व अझ बढि हुने बताए । उनले क्लबको दिगोपन तथा सामाजिक कार्यको दिर्घकालिन योजनाका लागि क्लबको कोष स्थापनाको घोषणा गरेकाछन् । कोषमा यो वर्ष मै रु ५ लाख जम्मा गर्नेलक्ष्य सहित अध्यक्ष गिरीले आफ्नोव्यक्तिगत तर्फबाट रु ५० हजार कोषकालागि हस्तान्तरण गर्नुभएको छ । उनले प्रभावकारी सामाजिक कार्य गर्ने प्रतिवद्धता व्यक्त गरे ।

लायन्स अर्न्तराष्ट्रिय डिस्ट्रिक ३२५ विवान नेपालका एडभाइजर सुदिप पौडेलले शहरमा भन्दागाउँ केन्द्रित कार्यक्रम गर्न सके मात्र लक्षित बर्ग सम्मपुग्न सकिने बताए । उनले शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा काम गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा क्लबका पुर्व अध्यक्ष विष्णु बाबु खड्का, तृतिय उपाध्यक्ष अर्जुन केसी, घनश्याम गौतम, पदम पाण्डे, दिपेन्द्र गुप्तालगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन सुजन श्रेष्ठ र सन्जय मल्लले गरेका थिए ।

# नेपाली युवाले बनाए शैक्षिक उपग्रह किट

पोखरापत्र संवाददाता
दमौली, २ साउन

नेपाली चार युवाले शैक्षिक उपग्रह किट निर्माण गरेका छन् । विद्यार्थीलाई उपग्रहका बारेमा बुझाउने मुख्य उद्देश्यसहित उनीहरुले ‘सस्तोक्युव’ नामक शैक्षिक उपग्रह किट तयार पारेका हुन् ।

गत पुस १ गतेदेखि निर्माण थालिएको उक्त सस्तोक्युव उपग्रह किट छ महीनाको अवधिमा तयार भएको छ । युवा वैज्ञानिक तनहुँ निवासी विकल्प ढुङ्गानासहित जनार्दन सिलवाल, देवराज पन्त र सागर कोइरालाले उक्त किट तयार पारेका हुन् । उक्त किटमा नौ वटा बोर्ड, चार ठाउँमा सोलार प्यानल जडान गरिएको युवा वैज्ञानिक ढुङ्गानाले जानकारी दिनुभयो । उहाँका अनुसार यसमा चार किसिमका सेन्सर जडान गरिएका छन् । पहिलो सेन्सरले करेन्ट, दोस्रोले तापक्रम र आद्रता, तेस्रोले जिपिएस र चौथोले एक्सेलोरोमिटर (गति) का बारेमा जानकारी दिनेछ। “स्याटेलाइटमा हुनुपर्ने सबै कुरामा यसमा छ, कुनै ठाउँमा के कुरा कलेक्ट गर्नुपर्ने हो यसले सबै गर्न सक्छ”, उहाँले भन्नुभयो, “यसको क्षमता दूरी २०० मिटर छ।”

यो किट निर्माणका लागि रु ७५ हजार खर्च भएको छ । खर्चको सहयोग युनेस्को नेपालले गरेको छ । अन्तरीक्ष प्रतिष्ठान नेपालको सहयोगमा आविष्कार केन्द्रमा यसको आविष्कार गरिएको हो । “यसलाई नेपाली बजारमा लैजाने सोच छ, स्याटेलाइट कसरी काम गर्छ भन्ने बुझाउनु यसको मुख्य उद्देश्य रहनेछ”, ढुङ्गानाले भन्नुभयो । हाल १० वटा किट बनाइएको उहाँले जानकारी दिनुभयो । उक्त किट तयार भएपछि खोटाङको एक विद्यालयमा पुगेर यसबारेमा विद्यार्थीलाई बुझाउने प्रयाससमेत गरिएको छ। सस्तोक्युवलाई ‘कक्षा कक्षामा स्याटेलाइट’ नारा दिइएको छ । तनहुँको दमौली घर हुनुभएका विकल्पले यस अगाडि सोलार स्कुटर, हेलिकप्टर टेक्नोलोजी, धूप बाल्दा घण्टी बज्ने उपकरण, ट्राफिक मास्क, बम डिस्पोजल रोबोट, अर्थ क्वाएक अलाम, म्यानुअल लिफ्टिङ रोबोट, ग्रास कटर मेसिन, पुलिस रोबोटलगायतका उपकरण आविष्कार गरिसक्नुभएको छ ।

# प्रविधिमैत्री सुन्तला बगैँचा व्यवस्थापन अभियानले कृषकमा आशा

–हरि बास्तोला
गण्डकी, २ साउन (रासस)

सिक्टस ग्रिनीङलगायतका भाइरस एवं रोगका कारण सुन्तला खेती सङ्कटग्रस्त बन्दै गएका अवस्थामा पोखरा महानगरपालिकामा सञ्चालित मेयर प्रविधिमैत्री सुन्तला बगैँचा व्यवस्थापन अभियानले कृषकमा आशा जगाएको छ।

एक दशकको अन्तरालमा नै जिल्लाका सुन्तला पकेट क्षेत्र खण्डहर बन्दै गएपछि चिन्तित बनेका कृषक महानगरले सञ्चालन गरेको अभियानसँगै राज्यको चासो बढेको भन्दै यतिखेर उत्साहित बनेका छन् । किसानलाई प्रोत्साहन गर्दै सुन्तला क्षेत्रको विस्तार गर्ने लक्ष्यसाथ तीन वर्षयता सञ्चालित अभियानअन्तर्गत रु ४५ लाख अनुदान हस्तान्तरण गरिएको छ । आव २०७८/०७९ का लागि रु २० लाख बजेट विनियोजन गरिएको महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार मलखाद प्रयोग गरेका पाँच वर्षमाथिका बिरुवाको प्रतिबिरुवा रु ३०, बोडो पेस्टलगायतका बिरुवाको रु ३०, बोडो मिक्स्चर स्प्रे गरेका बिरुवालाई रु २० र छापो प्रयोग गरेका बिरुवालाई रु २० का दरले प्रोत्साहनस्वरुप अनुदान रकम उपलब्ध गराइएको हो। घोषित पकेट क्षेत्रका २०४ बगैँचाका २० हजार बिरुवाले उत्पादन दिइरहेको छ।

"सुन्तला पकेट क्षेत्रको रुपमा रहेका महानगरपालिका वडा नं २१ र २२ मा अभियान सञ्चालन भएको छ", उहाँले भन्नुभयो, "चालू आर्थिक वर्षमा २०४ कृषकलाई सुन्तलाको बोटको आधारमा रु १५ लाख अनुदान प्रदान गरिएको हो ।" प्राविधिकसहितको टोलीले प्रत्येक कृषकको सुन्तला बगैँचामा पुगेर गरिएको अनुगमनको आधारमा अनुदान उपलब्ध गराइएको हो। कडरियाले भन्नुभयो, "रोगले बिरुवा मर्न लागेपछि बगैँचा सुधारका लागि महानगरले सञ्चालन गरेको कार्यक्रमअन्तर्गत चालू आवमा २० हजार सुन्तलालगायत कागती र जुनारका नयाँ बिरुवासमेत रोपिएको छ।" सुन्तलाका बिरुवा बाहिरी जिल्लाबाट ल्याउँदा रोगको प्रकोप बढ्ने खतरालाई मध्यनजर गर्दै महाशाखाले पोखरा-२२ स्थित खाल्सेमा सुन्तला नर्सरीसमेत स्थापना गरेको छ । प्रतिबिरुवाको रु २० तोकिएको छ। बाँकी रकम महाशाखाले अनुदान दिँदै आएको छ। पाँच वर्षभन्दा माथिका प्रतिसुन्तलाका बोटलाई महाशाखाले रु १०० अनुदान दिँदै आएको छ, जसमा पाँच हजार अनुदान प्राप्त गर्ने कृषकबाट रु ४०० र त्योभन्दा माथिको हकमा रु ८०० कट्टा गरी उक्त रकमबाट सुन्तलाका नयाँ बिरुवा रोप्न कृषकलाई प्रेरित गर्दै आएको छ । पुरानो सुन्तलाको बगैँचालाई व्यवस्थित गरी अधिकतम उत्पादन गर्नेतर्फ लाग्नुका साथै नयाँ स्थानमा बगैँचा निर्माण गर्न महाशाखाले जोड दिँदै आएको छ। रोगको कारण मरेका सुन्तलाको बगैँचामा कागती र जुनारजस्ता अम्लिय जातका बिरुवा लगाउन कृषकलाई अभियानले जोड दिएको हो।

**कृषकको बगैँचामा पुगेर अनुदान वितरण**

महानगरपालिका कृषि महाशाखाले कार्यक्रमअन्तर्गतको चालू आवको अनुदान रकम हस्तान्तरण गरेको छ । पोखरा-२१ फेदीपाटनस्थित कृषकको बगैँचामा पुगेर चालू आवको अनुदान रकम हस्तान्तरण गरिएको हो।

गण्डकी प्रदेश कृषि निर्देशनालयका निर्देशक वासु रेग्मीले कृषकलाई अनुदान रकम वितरण गर्दै सुन्तलाको शत्रुको रुपमा फैलिएको सिक्टस ग्रिनीङजस्तो भाइरसबाट बोट बचाउनका लागि बोडोपेस्ट र बोडो मिक्स्चर स्प्रे रामवाणको रुपमा रहेको बताउनुभयो। सुन्तला बगैँचाको राम्रो व्यवस्थापनसँगै आवश्यक कीटनाशक औषधि मापदण्डअनुसार प्रयोग गर्ने हो भने ५० प्रतिशत उक्त रोग लागेका बोटलाई थप पाँच वर्षसम्म बचाएर उत्पादनसमेत लिन सकिने बताउँदै उहाँले बाहिरबाट खरिद गरेर ल्याएको बिरुवामा रोगको सङ्क्रमण फैलिन सक्ने हुँदा कलमीतर्फ ध्यान दिन कृषकलाई सुझाव दिनुभयो । कार्यक्रममा सो क्षेत्रमा सबैभन्दा बढी अनुदान प्राप्त गर्ने कृषक प्रकाश पौडेलले रोगसहित असिना, जङ्गली जनावरलगायतबाट कृषकले ठूलो क्षति व्यहोर्दै आएको बताउँदै स्थानीय तहबाट उत्पादित सुन्तलाको मूल्य निर्धारण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । चार दशकअघि आफ्नो बुबाले शुरु गर्नुभएको व्यावसायिक सुन्तलाखेतीबाट अहिलेसम्म जीविकोपार्जन हुँदै आएको बताउँदै उहाँले लगभग ४० रोपनी जग्गामा ६०० भन्दा बढी बोटले उत्पादन दिँदै आएको जानकारी दिनुभयो।

सुन्तला बिक्रीबाट समय राम्रो हुँदा रु आठ लाखसम्म आम्दानी गर्नुभएका उहाँले अघिल्लो वर्ष बारम्बार परेको असिनाको कारण रु एक लाखमा चित्त बुझाउनुपरेको रासससँग दुखेसो सुनाउनुभयो। उहाँले सुन्तला बगैँचा व्यवस्थापन एवं सुदृढ गरेबापत यस वर्ष रु ६० हजार २०० नगद प्राप्त गर्नुभएको थियो । कुनै बेला कास्की पोखराको सुन्तला भनी चासो र चर्चा कमाएको यहाँको सुन्तला खेती पछिल्लो एक दशकयता सुस्ताउँदै आएको छ । सिक्टस ग्रिनीङ भाइरसको मारमा जिल्लाका भरतपोखरी, हंशपुरलगायतका स्थानमा सखापै भएको सुन्तला निर्मलपोखरीका दोपहरे, खरच्च्याङ, फेदीपाटन, मास्पाटनलगायतका स्थानमा भने अझै पनि फल्दै आएका छन्।

# स्व. चन्द्रमाया वाग्लेको स्मृतिमा अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
पोखरा, २ साउन



पोखरा-१, भिमकाली पाटन स्थित संस्कृत माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गरिएको छ।

लायन्स क्लब अफ पोखरा पिस टाउनको संयोजनमा स्व. चन्द्रमाया वाग्लेको स्मृतिमा उहाँका अमेरिका निवासी छोराबुहारी अनिल रविन्दु वाग्लेले २५ हजार ५ सय ५१ रूपैया बराबरको अक्षयकोष स्थापना गरेका हुन।

सो अवसरमा विद्यालयमा अध्ययनरत बटुकहरुलाईसामूहिक भोजन ग्रहण गराईएको कार्यक्रमका संयोजक एवं क्लबका पूर्व अध्यक्ष सबिता बरालले बताउनु भयो । शुक्रवार विद्यालय परिसरमा आयोजित कार्यक्रममा लायन्स डिष्ट्रिक्टका एसिडेन्ट चिफ एडभाईजर हरिराज पन्त, क्लबकारिजनचेयरपर्सन अमृत बराल, क्लबका जोन चेयरपर्सन एवं क्लबका निवर्तमान अध्यक्ष सरला तिमिल्सिना, विद्यालय व्यवस्थापन समितिकाअध्यक्ष ईश्वरीलाल श्रेष्ठ, गुरुकुलका संयोजक बिष्णु अधिकारी लगाएतले स्व. चन्द्रमाया वाग्लेको स्मृतिमा उहाँका छोराबुहारीले गरेकोअनुकरणीय कामले समाजलाई सामर्थ्यवान बनाउन सहयोग पुग्ने बताउनु भएको थियो। आमाले देखाएको बाटोमा हिड्न, समाजमासत्कर्ममा लाग्न वाग्ले परिवारको सहयोगले प्रेरणा मिल्ने धारणा व्यक्त भएको थियो।

लायन्स क्लब अफ पोखरा पिस टाउनका अध्यक्ष शोभा अधिकारीको अध्यक्षतामा सम्पन्न क्लबका सचिव क्रान्ति अधिकारी पौडेल, कोषाध्यक्ष हिममाया भण्डारी, सहसचिव केसीमाया, लक्ष्मी शर्मा, मिना थापा, प्रिया थापा, माया तिवारी लगाएतको उपस्थिति रहेकोथियो।

# व्यास नगरपालिकाद्वारा चौध ढुङ्गा उद्योगलाई उत्खनन अनुमति

पोखरापत्र संवाददाता
तनहुँ, २ साउन

व्यास नगरपालिकाभित्रका चौध वटा स्लेट ढुङ्गा उद्योगलाई उत्खनन गर्ने अनुमति दिइएको छ । नगरपालिकाले स्लेट ढुङ्गा उत्खननसम्बन्धी कार्यविधि बमोजिम कानूनीरुपमा ढुङ्गा उद्योगलाई अनुमति दिएको हो।

व्यास नगरपालिकाका नगरप्रमुख वैकुण्ठ न्यौपानेले कार्यविधिबमोजिम प्रक्रिया पुगेका १४ वटा उद्योगका सञ्चालकलाई अनुमति प्रमाणपत्र हस्तान्तरण गर्नुभयो । उत्खनन अनुमति हस्तान्तरण कार्यक्रममा नगर प्रमुख न्यौपानेले स्लेट ढुङ्गा उद्योगलाई व्यवस्थापन गर्न कार्यविधिअनुसार व्यवस्थित गर्न लागिएको बताउनुभयो । नगरपालिकाभित्र उद्योगमैत्री वातावरण बनाउनको लागि प्रयास गरिरहेको र उद्योगले वातावरणीय पक्षलाई जोगाउँदैप्राकृतिकस्रोतको व्यवस्थित तरिकाले उत्खनन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । जिल्लामा दर्ता भएका १९ मध्ये पहिलो चरणामा १४ उद्योगलाई अनुमति प्रदान गरिएको नगरपालिकाका नगरप्रमुख न्यौपानेले जानकारी दिनुभयो । नगरपालिकाले आफ्नो पालिकाभित्र सञ्चालनमा रहेका उद्योगले नगरपालिकाबाट अनुमति लिएर मात्रै सञ्चालन गर्न यसअघि नै आग्रह गरेको थियो । व्यास नगरपालिका-१० र ११ मा सञ्चालनमा रहेका उद्योगले दिएको निवेदनअनुसार कानूनी प्रक्रिया पूरा गरेका उद्योगलाई उत्खनन अनुमति प्रदान गरिएको व्यास नगरपालिकाका वरिष्ठ अधिकृत राजेन्द्र कार्कीले जानकारी दिनुभयो। नगरपालिकाको कार्यविधिअनुसार स्लेट ढुङ्गा उद्योगलाई एक वर्षको लागि अनुमति दिइएको हो। वातावरणलाई जोगाउँदै अस्वस्थ प्रतिस्पर्धा नभई स्वस्थ प्रतिस्पर्धाबाट आफ्नो व्यवसायलाई मर्यादित बनाएर सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले आग्रह गर्नुभयो । नगरपालिकाले कार्यविधिअनुसार करको दायरामा ल्याएर स्लेट तथा ढुङ्गा उद्योगलाई व्यवस्थित गर्नु राम्रो पक्ष भएको तनहुँ स्लेट ढुङ्गा उत्खनन व्यावसायी समितिका अध्यक्ष ईश्वर पौडेलले बताउनुभयो।

नगरपालिकाले कार्यविधिअनुसार स्लेट ढुङ्गा उद्योग सञ्चालनको लागि कम्तीमा पाँच रोपनी आवश्यक पर्ने र प्रतिरोपनी वार्षिक रु दुई हजारका दरले कर बुझाउनुपर्ने व्यवस्था रहेको व्यास नगरपालिकाका शाखा अधिकृत विमल गिरीले जानकारी दिनुभयो।

# सोह्र दिनदेखि सडक अवरुद्ध, दुग्ध ढुवानीमा समस्या

रासस
बागलुङ, २ साउन

बागलुङको दक्षिण क्षेत्र १६ दिनदेखि सडक सम्पर्कविहीन छ। एउटै पहिराले जिल्लाको दक्षिण जोड्ने चार सडकमा क्षति पुऱ्याएपछि बागलुङ नगरपालिकाको बलेवा क्षेत्र, जैमिनी नगरपालिका र बरेङ गाउँपालिमामा समेत सवारी आवतजावत बन्द छ।

गत असार १८ गते राति आएको पहिराले बागलुङ -१० एक्लेशालमा चार सडकमा क्षति पुऱ्याएको थियो । कालिगण्डकी करिडोरको बागलुङ-बलेवा खण्ड, बागलुङ कुश्मीशेरा सडक, करिडोरको वैकल्पिक सडक र एक्लेशाल-भकुण्डे सडक पहिरोले बगाएको हो। सडकको गहिराईबाट नै पहिरोले बगाएकाले सडक मर्मतमा समस्या भएको नगरपालिकाले जनाएको छ। पहिरोले सडक अवरुद्ध भएपछि दूध ढुवानी गर्न नपाउँदा यहाँका किसान मर्कामा परेका छन् । नगरपालिकाको बलेवा क्षेत्र र जैमिनी किसानले उत्पादन गर्ने दूधको ढुवानीमा समस्या भएको छ।

सडक अवरुद्ध हुँदा दूध उत्पादक किसान मर्कामा परेको कालिगण्डकी दूध उत्पादक सहकारी संस्थाका सचिव रुद्रनाथ शर्माले बताउनुभयो । बलेवाका किसानले उत्पादन गरेको दूध पर्वतको सदरमुकाम कुश्मा, पोखरा र बागलुङ बजारमा बिक्री हुने गरेको छ । बलेवा कुश्मा यान्त्रिक पुलको प्रयोग गरेर किसानले दूध बजार पुऱ्याएका छन्। पुलको प्रयोग गर्दा लाग्ने भाडाले उत्पादन खर्च बढाएको किसान गुरुदत्त आचार्यले गुनासो गर्नुभयो । चिस्यान केन्द्र पर्याप्त नहुँदा र समयमा बजारमा दूध नपुग्दा फाट्ने समस्या रहेको उहाँको भनाइ छ । बलेवाका किसानले दैनिक २०० लिटरभन्दा धेरै दूध उत्पादन गरेर बजार पठाउने गरेका छन् । "हाम्रो मुख्य पेसा नै यही हो", उहाँले भन्नुभयो, "एक दिन दूध रोकिँदा व्यावसायिक किसानको हजारौँको क्षति हुन्छ ।" वैकल्पिक सडकको व्यवस्था हुनुपर्ने उहाँको माग छ। कालिगण्डकी करिडोर आयोजना कार्यालय पाल्पा, सडक डिभिजन कार्यालय बागलुङ र जिल्ला प्रशासन कार्यालय बागलुङलेसमेत आआफ्नोतर्फबाट सडक खुलाउने प्रयास गरिरहेका छन्।


## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धमा सूचना

**यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ. व. २०७८/०७९ का लागि मिति २०७८/०४/०३ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।**

| ब्राण्ड | मि.लि. | यू. पी. | नेशनल डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | नेशनल डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | होलसेल मुल्य प्रति कार्टून | होलसेल कमिशन प्रति कार्टून | रिटेल मुल्य प्रति कार्टून | रिटेल कमिशन प्रति कार्टून | उपभोक्ता मुल्य प्रति कार्टून | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IMAGE carbon Black / Premium | ५०० | ५० | ६६००।०० | २००।०० | ६८००।०० | २७५।०० | ७०७५।०० | २१५।०० | ७२९०।०० | ६३०।०० | ७९२०।०० | ४४०।०० |
| Twenty- Twenty | १८० | ५० | ५८५०।०० | १५०।०० | ६०००।०० | २४०।०० | ६२४०।०० | २००।०० | ६४४०।०० | ५२०।०० | ६९६०।०० | १४५।०० |
| मिराज एप्पल फ्लेवर R.B., मिराकल R.B, ब्यालेन्स एक्ष्ट्रा ड्राई | १८० | ५० | ५७५०।०० | १५०।०० | ५९००।०० | २३५।०० | ६१३५।०० | १९५।०० | ६३३०।०० | ४३८।०० | ६७६८।०० | १४१।०० |
| उत्सव एप्पल फ्लेवर R.B., मिराज एप्पल फ्लेवर H.B. | १८० | ५० | ५६००।०० | १००।०० | ५७००।०० | २३०।०० | ५९३०।०० | १८०।०० | ६११०।०० | ४६६।०० | ६५७६।०० | १३७।०० |
| उत्सव एप्पल फ्लेवर H.B.,मिराकल, उत्सव XXX, उत्सव दूधिया स्पेशल,,ब्यालेन्स | १८० | ५० | ५६००।०० | १००।०० | ५७००।०० | २३०।०० | ५९३०।०० | १८०।०० | ६११०।०० | ४६६।०० | ६५७६।०० | १३७।०० |
| उत्सव सूनामी स्ट्रोङ,सूनामी एक्स्ट्रा ड्राई , एक्स्ट्रीम, मिराज,सूनामी स्ट्रोङ, | १८० | ५० | ५५००।०० | १००।०० | ५६००।०० | २२५।०० | ५८२५।०० | १७५।०० | ६०००।०० | ४८०।०० | ६४८०।०० | १३५।०० |
| 4G | ३०० | ७० | ११७०।०० | ३०।०० | १२००।०० | ५०।०० | १२५०।०० | ४०।०० | १२९०।०० | १२०।०० | १४१०।०० | ४७।०० |
| करुवा PREMIUM | ३०० | ७० | १०६०।०० | ३०।०० | १०९०।०० | ५०।०० | ११४०।०० | ४०।०० | ११८०।०० | ११०।०० | १२९०।०० | ४३।०० |
| करुवा एप्पल | ३०० | ७० | १०६०।०० | ३०।०० | १०९०।०० | ५०।०० | ११४०।०० | ४०।०० | ११८०।०० | ११०।०० | १२९०।०० | ४३।०० |
| करुवा BLUE, करुवा पाइनएप्पल | ३०० | ७० | ९५५।०० | २५।०० | ९८०।०० | ४०।०० | १०२०।०० | ४०।०० | १०६०।०० | ८०।०० | ११४०।०० | ३८।०० |
| करुवा लिचि फ्लेवर,फटाफट, एरो(एप्पल फ्लेवर), फटाफट Green,करुवा NIMBU | ३०० | ७० | ८९५।०० | २५।०० | ९२०।०० | ३५।०० | ९५५।०० | ३०।०० | ९८५।०० | ६५।०० | १०५०।०० | ३५।०० |
| करुवा ठेकी दूधिया/ब्ल्याक, करुवा दूधिया /ब्ल्याक, पानश दूधिया /ब्लयाक,एरो दूधिया /ब्लयाक | ३०० | ७० | ८७५।०० | १५।०० | ८९०।०० | ३५।०० | ९२५।०० | ३०।०० | ९५५।०० | ६५।०० | १०२०।०० | ३४।०० |

**नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको अवश्यकता अनुसार विभिन्न व्यापारीक एवं अन्य छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।**